# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
## लगनखेल-५, ललितपुर

## MD/MS, Emergency Medicine Fellowship, MPH, BNS र PCL Nursing अध्ययनका लागि आवेदन सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७४/०४/०९)

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानले शैक्षिक सत्र २०७४/०७५ मा देहायको संकायमा आवेदनको लागि योग्यता पुगेका ईच्छुक नेपाली उम्मेदवारबाट दरखास्त आह्वान गरेको छ । तोकिएको ढाँचामा माग गरिएका कागजातहरु संलग्न गरी दरखास्त पेश गर्नु हुन सम्वन्धित सबैमा सूचित गरिन्छ ।

**MD/MS कार्यक्रममा भर्ना लिने विषयहरू** : **MDGP, Internal Medicine, General Surgery, Obstetrics and Gynecology, Pediatrics, Orthopedics.**

MD/MS मा आवेदन दिने आवेदकले नेपाल मेडिकल काउन्सिलको मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र स्नातक तह (एम.बी.बी.एस.) वा सो सरहको परीक्षा उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भई मान्यता प्राप्त स्वास्थ्य संस्थामा कम्तीमा एक (१) वर्ष कार्य अनुभव प्राप्त गरेको हुनु पर्नेछ ।

**दरखास्त फारम लिने मिति** : तोकिएको दस्तुर तिरेको भौचर पेश गरेपछि दैनिक बिहान १०:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म मिति २०७४ श्रावण १२ गते बिहीबारदेखि २०७४ श्रावण २७ गते शुक्रबार सम्म (शनिबार र सार्वजनिक विदा बाहेक) दरखास्त फारम लिन सकिनेछ ।

**दरखास्त फारम बुझाउने मिति** : तोकिएको आवेदन फारम भरी दस्तुर तिरेको भौचर सहित दैनिक बिहान १०:०० बजेदेखि अपराह्न ३:०० बजेभित्र मिति २०७४ श्रावण १२ गते बिहीबारदेखि २०७४ श्रावण २७ गते शुक्रबारसम्म र दोब्बर प्रवेश परीक्षा दस्तुर तिरी मिति २०७४ श्रावण २९ देखि ३१ गतेसम्म (शनिबार र सार्वजनिक विदा बाहेक) फारम बुझाउन सकिनेछ ।

**दरखास्त फारम लिने र बुझाउने स्थान** : पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान (पाटन अस्पताल परिसर), लगनखेल, ललितपुर ।

सम्पर्क फोन : ०१-५५४५१५३ ।

**Emergency Medicine Fellowship (EMF): EMF** कार्यक्रममा आवेदन दिने आवेदक MDGP उत्तीर्ण पश्चात कम्तीमा एक (१) वर्षको कार्य अनुभव भएको र नेपाल मेडिकल काउन्सिलमा Specialty दर्ता भएको हुनु पर्नेछ ।

**आवेदन दिने मिति र स्थान** : २०७४ श्रावण १२ देखि भाद्र २० गतेसम्म प्रतिष्ठानको डीनको कार्यालय ।

**MPH, PCL Nursing र BNS :**

- MPH का आवेदकले स्वास्थ्य विज्ञानका विधामा कम्तीमा स्नातक तह हासिल गरी नेपाल सरकार वा कानूनद्वारा स्थापित सम्वन्धित स्वास्थ्य परिषद्मा दर्ता भई कम्तीमा एक (१) वर्ष कार्य अनुभव प्राप्त गरेको हुनु पर्नेछ ।
- BNS मा आवेदन दिने महिला आवेदकले प्रवीणता प्रमाणपत्र तह नर्सिङ्गमा मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम ५० प्रतिशत अङ्क हासिल गरी नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भई नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएका स्वास्थ्य संस्थामा न्यूनतम एक (१) वर्ष कार्य अनुभव प्राप्त गरेको हुनु पर्नेछ ।
- PCL Nursing मा आवेदन दिने महिला आवेदकले मान्यता प्राप्त शिक्षण संस्थाबाट माध्यामिक शिक्षा परीक्षा वा सो सरहको परीक्षामा अंग्रेजी, गणित र विज्ञान बिषय लिई ग्रेडिङ्ग प्रणाली अनुसार उल्लेखित विषयहरुमा न्यूनतम जि.पि.ए. २ तथा न्यूनतम क्युमुलेटिभ जिपीए २ वा एस.एल.सी. को हकमा न्यूनतम ४५% अङ्क ल्याई उत्तीर्ण गरेको हुनुपर्नेछ ।

**दरखास्त फारम लिने मिति** : तोकिएको दस्तुर तिरेको भौचर पेश गरेपछि दैनिक बिहान १०:०० बजेदेखि अपराह्न ३:०० बजेभित्र मिति २०७४ श्रावण १८ गते बुधबारदेखि २०७४ भाद्र १३ गते मंगलबारसम्म (शनिबार र सार्वजनिक विदा बाहेक) दरखास्त फारम लिन सकिनेछ ।

**दरखास्त फारम बुझाउने मिति** : तोकिएको आवेदन फारम भरी दस्तुर तिरेको भौचर सहित दैनिक बिहान १०:०० बजेदेखि अपराह्न ३:०० बजेभित्र मिति २०७४ श्रावण १८ गते बुधबारदेखि २०७४ भाद्र १३ गते मंगलबारसम्म र दोब्बर प्रवेश परीक्षा दस्तुर तिरी मिति २०७४ भाद्र १४ देखि १६ गतेसम्म (शनिबार र सार्वजनिक विदा बाहेक) दरखास्त फारम बुझाउन सकिनेछ ।

**दरखास्त फारम लिने र बुझाउने स्थान** : पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठान, स्कूल अफ नर्सिङ्ग एण्ड मिडवाईफेरी (ललितपुर नर्सिङ्ग क्याम्पस) सानेपा, ललितपुर । सम्पर्क फोन : ०१-५५२६४२२ ।

माथि उल्लेखित संकायहरुको प्रवेश परीक्षा सम्वन्धी विस्तृत जानकारीको लागि प्रतिष्ठानको वेवसाइट www.pahs.edu.np हेर्नु होला ।

आवेदन दर्ता गराउँदा प्रवेशपत्र वितरण मिति, परीक्षा केन्द्र, परीक्षाको मिति र समय आदिको जानकारी दिईनेछ ।